

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १६६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार १७ गते शुक्रबार ❑ 1 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।–


## सरकार निर्वाचन गराउन प्रतिबद्ध छ : प्रधानमन्त्री देउवा

**रासस**

**काठमाडौं, १६ असार**

प्रधानमन्त्री शेरबहादुर देउवाले सङ्घीय संसद् र प्रदेशसभाको निर्वाचन गराउन सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

सङ्घीय संसद् सचिवालय र पूर्व सांसद मञ्च नेपालले ६४औँ संसद् दिवसका अवसरमा बिहीबार आयोजना गरेको कार्यक्रममा उहाँले स्थानीय तहको निर्वाचन गत वैशाख ३० गते सफतापूर्वक सम्पन्न भएको र आगामी निर्वाचन स्वच्छ र भयरहित वातावरणमा सम्पन्न गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो। "संविधानसभाबाट संविधान जारी गरेपछि मुलुक सङ्घीय लोकतान्त्रिक व्यवस्थाबाट अघि बढिरहेको छ", प्रधानमन्त्री देउवाले भन्नुभयो, "स्थानीय तहको निर्वाचन भयरहित, स्वच्छ वातावरणमा सम्पन्न भएको छ, प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न गर्न सरकार प्रतिबद्ध छ।" दिगो शान्ति र सुशासन कायम गर्नेतर्फ मुलुक अगाडि बढिरहेको बताउँदै उहाँले देशलाई विकसित बनाउन सबैले मिलेर काम गर्नुपर्नेमा जोड दिनुभयो।

प्रधानमन्त्री देउवाले पूर्व सांसद मञ्चले दलीय राजनीति भन्दामाथि उठेर काम गरिरहेको र सरकारलाई समयसमयमा महत्वपूर्ण सल्लाह दिने गरेकोप्रति कृतज्ञता व्यक्त गर्नुभयो। प्रधानमन्त्री देउवाले जनताबाट निर्वाचित जनप्रतिनिधि रहेको संसद्ले संसदीय लोकतान्त्रिक मूल्यमान्यतालाई व्यवस्थित गर्न महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो। पूर्व प्रधानमन्त्री झलनाथ खनालले संसद् राष्ट्रको आवाज बोल्ने र देशलाई ठीक ढङ्गले अगुवाइ गर्ने थलोका रूपमा विकास भइरहेको बताउनुभयो। उहाँले सरकार र दलहरूले राम्रोसँग भूमिका निर्वाह गर्न नसकेकाले जनताले निर्दलीय व्यक्तिलाई मत दिएर जिताउने गरेको र देशलाई ठीक ढङ्गले अगुवाइ गर्न नसक्दा फरक परिणाम आउने अवस्था सिर्जना भएको तर्क गर्नुभयो।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा कोइरालाले संसद् सोचेअनुरुप क्रियाशील हुन नसक्दा २०७५ सालदेखि ५३ वटा विधेयक र आठवटा अध्यादेश संसद्मा रहेको बताउनुभयो। उहाँले नागरिकताजस्तो राष्ट्रिय महत्वको विषयलाई सहमतिबाटै टुङ्ग्याउनुपर्नेमा जोड दिनुभयो।

पूर्व सभामुख रामचन्द्र पौडेलले जनताको आवाजलाई मुखरित गर्ने र निरङ्कुशताको विरुद्ध लड्ने संसद् सधैँ क्रियाशील हुनुपर्ने बताउनुभयो। संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङले पूर्व सांसद मञ्चले संसद्ले गरेको वार्षिक कामको अध्ययन गरेर थप क्रियाशील बनाउनुपर्ने सुझावसमेत दिनुभयो।

मञ्चका अध्यक्ष ओमकारप्रसाद श्रेष्ठले २०१६ साल असार १६ गते तत्कालीन राजा महेन्द्र वीरविक्रम शाहले निर्वाचत संसद्को पहिलो बैठक बसेको र त्यही दिवसका अवसरमा प्रत्येक वर्ष यो दिवस मनाउन लागेको जानकारी दिनुभयो।

## रुप फेर्दै पोखरा बसपार्क, हिलो र धुलोमुक्त गराइँदै

**पोखरापत्र संवाददाता**

**पोखरा, १६ असार**

जग्गा अधिग्रहण भएको झण्डै ४७ वर्ष पछि पोखरा बसपार्कको रुप फेरिँदैछ। नाला निर्माण र ग्राबेल भरेर सम्याउने काम अगाडि बढेसंगै बसपार्कको रुप फेरिएको हो। अहिले बसपार्कको आधा भागमा ग्रावेल हालेर सम्माउने काम भएको छ भने पश्चिम भागमा नाला निर्माण भएको छ।

पोखरा ९का वडाध्यक्ष दीपेन्द्र मर्सानीले बसपार्क अब हिलो र धुलो मुक्त बन्न लागेको जानकारी दिए। 'नाला निर्माण र ग्रावेल भरेर सम्याउने काम भएसंगै बसपार्क अब हिलो र धुलो मुक्त हुँदैछ।' उनले भने, 'पोखरा महानगरपालिका र प्रदेश सरकारको समेत सहयोगमा बसपार्कले अब रुप फेर्दैछ।'

आधा भाग ग्राबेल हालेर पुर्ने काम भएको र बाँकी आधा भागमा पनि निरन्तर काम गरेर पुर्न मेयर धनराज आचार्यले सहजिकरण गरिरहेको उनले बताए। यसैबीच पोखरा बसपार्कको बुधबार मेयर आचार्यले निरीक्षण गरेका छन्।



पार्किङ गर्ने सबै भागमा ग्रावेल भरेर सम्याउने कामलाई सक्न र तत्कालका लागि धुलो र हिलो मुक्त बनाउन उनले निर्देशन दिए। त्यसपछि छिट्टै समस्या सल्ट्याएर डिपिआर तयार पार्दै सिटी बसपार्कको रुपमा निर्माण गर्न महानगर लाग्ने उनले बताए।

बसपार्क निरीक्षणका क्रममा बसपार्क टोल सुधार समितिका अध्यक्ष केशवबहादुर थापा र पोखरा बसपार्क सुधार उपभोक्ता समितिका अध्यक्ष कमलबहादुर श्रेष्ठ लगायतको उपस्थिति थियो। गत २५ जेठमा एक कार्यक्रमका बीच बसपार्कको नाला निर्माण कार्यको गण्डकी प्रदेशका भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्री कुमार खड्का र पोखरा महानगरका मेयर धनराज आचार्यले शिलान्यास गरेका थिए।

पोखरा बसपार्कको जग्गा पोखरा उपत्यका नगरविकास समितिको स्वामित्वमाछ।फरकअस्थित्वको उपत्यका नगरविकास समिति अहिले मेयरकै नेतृत्वमा छ। झण्डै ४७ बर्ष अगाडि अर्थात १८ फागुन २०३२ सालमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरेर बसपार्कका लागि अधिग्रहण गरिएको उक्त जग्गामा अहिलेसम्म पूर्वाधार बनाइएको छैन। पूर्वमा सेती नदी, पश्चिम ढिकैढिक भएर बैरागी बन जानेबाटो, दक्षिण एयरपोर्टको तारबार र उत्तरमा पृथ्वी राजमार्ग भित्रको अधिग्रहण गरिएको २०५ रोपनी जग्गा अहिले जम्मा ८१ रोपनीमा खुम्चिएको छ।

## सत्यतथ्य सूचना बाहिर ल्याउन सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण : मन्त्री खड्का

**पोखरापत्र संवाददाता**

**पोखरा, १६ असार**

गण्डकी प्रदेशका भौतिक पूर्वाधार, शहरी विकास एवं यातायात व्यवस्था मन्त्री कुमार खड्काले समाजका सत्यतथ्य सूचना बाहिर ल्याउन सञ्चार क्षेत्रको महत्वपूर्ण भूमिका हुने बताउनुभएको छ।

गण्डकी प्रदेशको कानुन, सञ्चार तथा प्रदेशसभा मामिला मन्त्रालयको सहयोगमा संसदीय पत्रकार मञ्च गण्डकी प्रदेशद्वारा आयोजित सञ्चार र सूचना प्रविधिको जानकारी एवम् फोटो र भिडियोसम्बन्धी अभिमुखीकरण तालिमको आज पोखरामा उद्घाटन गर्दै उहाँले निष्पक्ष पत्रकारिताले समाज तथा




राष्ट्रमा निरन्तर खबरदारी गर्ने बताउनुभयो। पत्रकारको क्षमता अभिवृद्धिका लाति तालिम महत्वपूर्ण बन्ने विश्वास व्यक्त गर्दै उहाँले तालिमका सिकाइलाई व्यवहारमा उतार्न आग्रह गर्नुभयो।

संसदीय पत्रकार मञ्च गण्डकी प्रदेशका कार्यवाहक अध्यक्ष अमृत सुवेदीले तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा सरकारको विद्यमान कार्यविधि परिवर्तन गर्नु जरुरी भएको बताउनुभयो। नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य सरिता तिमल्सिना, महासङ्घका गण्डकी प्रदेशका महासचिव गोविन्द सुवेदी, मञ्चका सचिव रोहितराज पराजुली लगायतले क्षमता अभिवृद्धिमा तालिम उपयोगी बन्ने विश्वास व्यक्त गर्नुभयो। उक्त अवसरमा सूचना प्रविधिमा सुनिल पाण्डे, फोटो पत्रकारितामा प्रदिप पौडेल र राम गुरुङ एवं भिडियोमा इन्द्रप्रसाद पौडेलले प्रशिक्षण दिनुभएको थियो।

## पोखरामा मिर्गौला प्रत्यारोपण

**पोखरापत्र संवाददाता**

**पोखरा, १६ असार**

पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा गरिएको मिर्गौला प्रत्यारोपण सफल भएको छ।

शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र भक्तपुर र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको सहकार्यमा पहिलो पटक उपत्यका बाहिर सो अस्पतालमा हालै मिर्गौला प्रत्यारोपण गरिएको थियो।

उक्त अस्पतालमा ५१ वर्षीय यमकुमारी पौडेललाई उहाँकै श्रीमान् ५३ वर्षीय केशव पौडेलले मिर्गौला दान गरेपछि भएको अङ्ग प्रत्यारोपण सफल भई बिरामी घर पठाइएको केन्द्रका कार्यकारी निर्देशक डा पुकारचन्द्र श्रेष्ठले जानकारी दिनुभयो। केन्द्रका शल्यचिकित्सक प्राडा राकेशकुमार बर्मा, डा दिपेश श्रेष्ठ, डा रोजन अधिकारी, एनेस्थेसियोलोजिष्ट डा आरती राई, डा सोभित थापा, नेफ्रोलोजिष्ट डा कल्पनाकुमारी श्रेष्ठ र डा लुसन सिं, रेडियोलोजिष्ट डा कृष्ण बुढाथोकी र पश्चिमाञ्चल क्षेत्रीय अस्पतलाका चिकित्सक एवं प्राविधिक टोली मिर्गौला प्रत्यारोपण सम्लग्न हुनुहुन्थ्यो।

## आयोगले गऱ्यो स्थानीय निर्वाचनको समीक्षा

**रासस**

**काठमाडौं, १६ असार**

निर्वाचन आयोगले गत वैशाख ३० गते भएको स्थानीय तह सदस्य निर्वाचन, २०७९ को प्रदेशस्तरीय तथा केन्द्रीयस्तरको निर्वाचन समीक्षा कार्यशाला सम्पन्न गरेको छ।

स्थानीय तह निर्वाचनमा भए गरेका असल अभ्यासको निरन्तरता, समस्याको पहिचान एवं सोको निराकरणका लागि सुझावको सङ्कलन गरी आगामी निर्वाचनमा सुधार ल्याउने उद्देश्यले आयोगले यही असार ५ गतेदेखि विभिन्न मितिमा प्रदेशस्तरीय र बिहीबार काठमाडौँमा केन्द्रीय निर्वाचन समीक्षा कार्यशाला आयोजना गरेको हो। केन्द्रीय निर्वाचन समीक्षा कार्यशालाको उद्घाटन गर्दै प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले मौजुदा निर्वाचन नीति एवं कानुनी संरचनामा भएका राम्रा अभ्यास, मतदाता नामावली दर्तादेखि



निर्वाचन परिणामसम्म निर्वाचन सञ्चालन तथा व्यवस्थापनका क्षेत्रमा देखिएका समस्या तथा आगामी दिनका लागि सुधारको मार्गचित्र के के हुन सक्छन् भन्ने सम्बन्धमा वस्तुगत सुझाव प्राप्त हुने विश्वास व्यक्त गर्नुभएको थियो। पाँच विभिन्न समूहबाट तयार पारी समूहगत प्रस्तुति पश्चात कार्यशालाको समापन गर्दै प्रमुख निर्वाचन आयुक्त थपलियाले कार्यशालाबाट प्राप्तमध्ये आयोगबाट गर्न सकिने अधिकांश सुझावलाई अब आउने सङ्घीय संसद् र प्रदेशसभाको निर्वाचनमा कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो। आयोगले निर्वाचन आयोगसम्बन्धी विधेयक एवं निर्वाचन सञ्चालन तथा व्यवस्थापनसम्बन्धी विधेयकको मस्यौदा तयार गर्न लागेको बताउनुहुँदै उहाँले कार्यशालाबाट आएका सुझावलाई यी विधेयकमा समेटेर लैजाने बताउनुभयो। केन्द्रीय निर्वाचन समीक्षा कार्यशाला आयोजना गर्नुपूर्व आयोगका आयुक्तको उपस्थितिमा सम्पन्न प्रदेशस्तरीय निर्वाचन समीक्षा कार्यशालामा आयोगको प्रस्तुति एवं सहभागीलाई विभिन्न पाँच समूहमा विभाजन गरी छुट्टाछुट्टै निर्वाचनका विषयमा समूहगत छलफल गराई निर्वाचनका असल अभ्यास, समस्याको पहिचान एवं सुधारका लागि सुझावहरू प्रदेशगत रूपमा आयोगलाई प्राप्त भएका छन्। कार्यशालामा आयोगका आयुक्तहरू, सचिव, सहसचिव, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी, आयोगले खटाएका अनुगमन टोली संयोजक, सुरक्षा निकायका प्रमुख एवं प्रतिनिधि, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, पर्यवेक्षण संस्थाका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, आमसञ्चारकर्मी, आयोगका कर्मचारी एवं कार्यशाला सम्बद्ध सरोकारवालातको सहभागिता रहेको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा स्पोर्टस् अवार्डको तयारी पुरा, ट्रफी सार्वजनिक

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ असार**

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा हुने छैटौं संस्करणको पोखरा स्पोर्टस् अवार्ड २०७८ को तयारी पुरा भएको छ।

आयोजक नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले बिहिबार पोखरामा पत्रकार सम्मेलन गरेर अवार्डको तयारी पुरा भएको जनाएको हो । पत्रकार सम्मेलन मार्फत अवार्ड कार्यक्रममा वितरण गरिने ट्रफी समेत सार्वजनिक गरिएको छ । मञ्चका अध्यक्ष दीननाथ बराल, नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य सरिता तिम्सिना पंगेनी, मञ्चका पूर्व अध्यक्ष विनोद लामिछाने, निवर्तमान अध्यक्ष एकराज गिरी, नेपाल पत्रकार महासंघ गण्डकीका सचिव यदुनाथ बञ्जरा लगायतले ट्रफी सार्वजनिक गरेका थिए।



अवार्ड समारोह यहीं असार १८ गते दिउँसो ठिक ३ बजेदेखि पोखरा सभागृह हलमा हुँदैछ । स्पोर्टस् अवार्डमा कुल ७ वटा अवार्ड वितरण गरिने मञ्चका महासचिव राजाराम पौडेलले जानकारी दिए । यसरी वितरण गरिने अवार्डको विधामा लाइफ टाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, उदियमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेल संघ र वर्ष उत्कृष्ट खेल पत्रकार विधा रहेको पौडेलको भनाई छ।

वर्ष खेलाडी पुरुष विधामा ब्याडमिन्टनका विधान अधिकारी, करातेका बुद्ध लामा र टेनिसका प्रदिप खड्का, वर्ष खेलाडी महिलामा भलिवलकी अरुणा शाही, क्रिकेटकी मनिषा उपाध्याय र करातेकी सरगम कुमाल, उदियमान खेलाडी विधामा टेनिसका दर्शिल श्रेष्ठ, क्रिकेटका श्रृष्टि जैशी र बक्सिङका शाहिल लिम्बु, उत्कृष्ट प्रशिक्षक विधामा क्रिकेटका रिजन प्रजु, तेक्वान्दोकी रेकमाया गुरुङ र टेनिसका निरज थापा मनोनयन सूचिमा परेका छन् । तीमध्ये छनोट समितिले गरेको निर्णयको आधारमा उत्कृष्ट १ जनालाई अवार्ड वितरण हुनेछ।

लाइफ टाइम अचिभमेन्ट अवार्ड अग्रज खेलाडी गणेश बहादुर भट्टराईलाई प्रदान गरिनेछ। उत्कृष्ट खेल संघ र वर्ष उत्कृष्ट खेल पत्रकार विधाको भने घोषणा हुन बाँकी रहेको मञ्चले जनाएको छ । पोखरा स्पोर्टस् अर्वाड अर्न्तगत वर्ष खेलाडी पुरुष र महिलाले टेल जी ब्राण्डको टाइगर मोडलको इलेक्ट्रिक स्कुटर र ट्रफी पुरस्कार स्वरुप प्राप्त गर्नेछन्। वर्ष उत्कृष्ट उदियमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेलकुद संघ, उत्कृष्ट खेल पत्रकारलाई नगद पैतिस हजार रुँपैयाको साथमा ट्रफी प्रदान गरिने मञ्च अध्यक्ष दीननाथ बराललले बताए । यसैगरी लाइफटाइम अचिभमेन्ट अवार्ड प्राप्त गर्ने व्यक्तिलाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्लाले सम्मान गरिनेछ। उत्कृष्ट ३ को मनोनयन सूचीमा परेकाहरुलाई मनोनयन ट्रफी प्रमाणपत्र प्रदान गरिनेछ।

अवार्ड कार्यक्रममा गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, एम ए कस्ट्रक्सन प्रालि, सहारा क्लब पोखरा, नेपाल भूतपुर्व खेलाडी मञ्च, तमु धिं युके, आभ्या क्लब, युनाइटेड नेसनको वातावरण पार्टनर टेल जी ब्राण्डको टाइगर मोडलको इलेक्ट्रिक स्कुटर, होटल पौवा लेकसाइड, जु जु वेर्यस, सिटीवान टेलिभिजन, पोखरेली मञ्च युके, परिचय एड् भर्टाइजिङ, चिल्लिबार एण्ड रेष्टुरेन्ट, टाइगर गुप्र अफ पोखरा, साइमन पार्टी प्यालेस, वल्डलिंक, फिस्टेल हस्पिटल, युनाइटेड क्लब, अमेरिकाबाट सरिता गुरुङ, जापानबाट पूर्व अध्यक्ष मोहन घले, पूर्व अध्यक्ष प्रेमनारायण न्यौपाने, मनकामना पेट्रोलपम्प, शितलज्योती युवा क्लब, लाइफकेयर डाईग्नोस्टिक्स एण्ड रिर्सच सेन्टर, सुनगाभा न्युज, स्टेशन गैह्रापाटन, सिटीजन फर्निचर, जिल्ला खेलकुद विकास समिति कास्की लगायत सहयोगीको रुपमा जोडिएको मञ्चले जनाएको छ।

अवार्ड कार्यक्रमको थप आर्कषणको रुपमा गायक विनोद वाँनिया, हाँस्यकलाकार युवराज भण्डारी, गायक सन्तोष बस्याल, गायिका प्राप्ति तुलाचन, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान गण्डकीको लाइभ दोहोरी, गण्डकी प्रज्ञा प्रतिष्ठानको कल्चरल नृत्य, गण्डकी बिव्वाइजको बिबोइङ नृत्य, गजल वाचन र डेमोस्ट्रेशन रहनेछ।

मञ्चका अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा पोखरा १७ घारिपाटनमा रहेको आभ्या क्लबमा भएको पत्रकार सम्मेलन तथा ट्रफी सार्वजनिक कार्यक्रममा उपाध्यक्ष सुरज श्रेष्ठले स्वागत र महासचिव राजाराम पौडेलले कार्यक्रम सञ्चालन गरेका थिए।

# महिलासम्बन्धी कानुन कार्यान्वयनमा समस्या

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ असार**

महिलासम्बन्धी कानुन पर्याप्त भए पनि कार्यान्वयन नहुँदा महिला अधिकार स्थापित हुन नसकेको पोखरामा आयोजित कार्यक्रमका वक्ताले बताउनुभएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेद्भाव तथा हिंसा उन्मूलन गर्ने महासन्धि (सीड) को छैठौँ आवधिक प्रतिवेदन उपर प्राप्त निष्कर्ष सुझावको कार्यान्वयनको अवस्थासम्बन्धी अध्ययन प्रतिवेदन माथि यहाँ भएको छलफल उनीहरूले समाजमा महिलाको अवस्था निकै चिन्ताजनक रूपमा रहेको औल्याउँदै प्राप्त कानुनको कार्यान्वयनमा जोड दिनुपर्ने धारणा राखेका थिए।

राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीले सरकारले सन् १९९१ मा महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा उन्मूलन गर्ने महासन्धि (सीड) मा निर्सत हस्ताक्षर गरेअनुरुप नयाँ संविधान तथा कानुन बनाएर अन्तर्राष्ट्रिय महासन्धिको कार्यान्वयन गर्नुपर्नेजोड दिनुभयो । उहाँले भन्नुभयो,"कानुन पर्याप्त भए पनि कार्यान्वयनमा समस्या देखिएको छ, हामीकहाँ तीन तहको सरकार छ सबैले आफ्नो ठाउँबाट महिलाको हकअधिकार कार्यान्वयन गर्नु पर्छ ।" उहाँले आम मानसिकता र सोच बदल्नुपर्ने आवश्यकता रहेको औँल्याउनुभयो ।

गण्डकी प्रदेशका शिक्षा, विज्ञान, तथा सामाजिक विकासमन्त्री मेखलाल महिला अधिकारप्रति सचेत नहुँदा महिलामाथिको हिंसा बढिरहेको बताउनुभएको छ । उहाँले समाजमा समानता र न्यायका लागि सकारात्मक दृष्टिकोणको खाँचो औल्याउँदै महिलाले आफ्नो अधिकारप्रति जागरुक र सचेत हुनसके हिंसा न्यूनीकरण हुने बताउनुभयो ।

सो अवसरमा गण्डकी प्रदेश मुख्यमन्त्री कार्यालयका सचिव मनमाया पङ्गेनी भट्टराईले संविधान जारी भएको सात वर्ष पुग्दा पनि महिलाको नामबाट नारिकता दिन कानुन नबन्नु बिडम्बनापूर्ण भएको बताउनुभयो ।

कार्यक्रममा जिल्ला समन्वय समितिका उपाध्यक्ष सरिता कुमाल, एकद्वार सङ्कट व्यवस्थापन कार्यक्रमका प्रमुख डा भरत खत्री, कोपिला नेपालकी कार्यकारी निर्देशक बिना सिलवाल, महिला मानव अधिकार रक्षक सञ्जालका केन्द्रिय सदस्य, अधिवक्ता ईन्द्रकुमारी शर्मालगायतले महिला अधिकारका विविध विषयमा आफ्नो धारणासहितका सुझाव दिनुभएको थियो ।

कार्यक्रममा सहभागीले स्थानीय तहको निर्वाचनमा गठबन्धनका कारण १७९ स्थानको प्रमुख उप्रमुखमा पुरुष बढेको र महिलाको सङ्ख्या घट्नुले महिलाको अधिकार कुण्ठित हुँदै गएको निष्कर्ष निकालेका थिए।

त्यसैगरी गण्डकी प्रदेशमा आमाको नामबाट नागरिकता बन्न धेरै समस्या झेल्नु परेको, असाहय महिलाको न्यायमा पहुँच पुग्न नसकेको साथै प्रहरीले गर्ने अनुसन्धानमाथि पनि बेलाबेलामा प्रश्नचिन्ह उठ्ने गरेको सहभागीको भनाइ थियो। पीडित र साक्षीको संरक्षण हुन नसकेको र पीडितलाई होस्टाइन गर्ने घटना साथै अनौपचारिक क्षेत्रको श्रममा कार्यरत महिला र पुरुषमा पारिश्रमिक विभेद् रहेको विषयमा पनि चर्चा गरिएको थियो।

महिलामाथि हुने हिंसाका प्रकार, विभेदकारी कानुनी ब्यवस्था, सम्रचना, पितृसत्तात्मक सोचका कारण महिलाई पछाडी पारिएको निष्कर्ष निकालीएको थियो । प्रत्येक चार/चार वर्षमा पक्ष राष्ट्रले प्रतिवेदन पेश गर्नुपर्ने भए पनि भूकम्पका सात वर्षमा प्रस्तुत गर्न लागिएको हो । आगामी अक्टोबर २२ सरकारले सो प्रतिवेदन पेश गर्दैछ। सरकारले पेश गर्ने प्रतिवेदनलाई नागरिक समाजको तर्फबाट पनि सुझाव दिने गरिएको छ।

# तनहुँमा मल अभाव कायमै, २० प्रतिशत रोपाइँ

**पोखरापत्र संवाददाता**
**दमौली, १६ असार**

मल अभावकाबीच तनहुँका किसानले रोपाइँ सुरु गरेका छन् । जिल्लामा युरिया, डिएपी, पोटास मल अभाव कायमै रहे पनि किसानले रोपाइँ सुरु गरेका हुन् ।

असार सुरु भएदेखि नै वर्षा भइरहेकाले किसानलाई धान रोपाइँमा सहज भएको छ । जिल्लामा हालसम्म करिब २० प्रतिशत भूभागमा रोपाइँ सकिएको कृषि ज्ञान केन्द्र तनहुँले जनाएको छ । ज्ञान केन्द्रका प्रमुख कुलप्रसाद तिवारीले जिल्लाका विभिन्न भागमा किसान रोपाइँमा व्यस्त रहेको र करिब २० प्रतिशत भूभागमा रोपाइँ सकिएको जानकारी दिनुभयो ।

तिवारीले रासायनिक मल अभाव भए पनि प्राङ्गारिक मलको प्रयोग गरी मल अभावलाई पूर्ति गर्न सुझाव दिनुभयो । "मल अभाव हुँदा उत्पादन घट्न सक्छ, रासायनिक मलको अभावलाई पूर्ति गर्न गोबर मल, प्राङ्गारिक मलको प्रयोग गर्नुपर्छ," उहाँले भन्नुभयो । धान रोपाइँ सकिएको करिब एक महिनापछि सुक्ष्म खाद्यतत्व प्रयोग गर्न तिवारीले किसानलाई सुझाव दिनुभयो ।

व्यास नगरपालिका-११ पोल्याङका किसान राजेन्द्र पौडेलले छिट्टै वर्षा भएकाले रोपाइँ गर्न सहज भएको बताउनुभयो । कृषि ज्ञान केन्द्रका अनुसार जिल्लामा ११ हजार ५०० हेक्टर क्षेत्रफलमा धानखेती हुन्छ । त्यसमध्ये दुई हजार ५०० हेक्टर क्षेत्रफलमा चैतेधानको रोपाइँ हुने गरेको छ । तनहुँमा राधा, सावित्री रामधान, सुगन्ध मसिनो, अनदी, सुनौलो सुगन्ध, मकवानपुरलगायत धानखेती हुने गरेको छ । गतवर्ष ११ हजार २७९ हेक्टर खेतमा धान खेती गरिएकामा ४४ हजार सात ८२ मेट्रिकटन धान उत्पादन भएको थियो ।

तनहुँमा खेतीयोग्य जमिनको क्षेत्रफल ६५ हजार ६१ हेक्टर रहेको तर ५१ हजार ५१० क्षेत्रफलमा मात्रै विभिन्न खेती भइरहेको छ । जिल्लाका तनहुँसुर, सेपाबगैँचा, कलेस्ती, पुर्कोट, गजरकोटको अत्रौली, आँबुखैरेनी, साँगे लगायतका क्षेत्र धानखेतीका लागि प्रख्यात मानिन्छन् । खेतीपातीको समयमा मल अभाव हुँदा किसानलाई समस्या भएको छ । कृषि सामग्री कम्पनी लिमिटेड दमौलीका अनुसार हाल पोटास मल मात्रै मौज्दात छ । युरिया, डिएपी, कृषि चुन मल अभाव रहेको शाखाले जनाएको छ ।

कार्यालयले चालु आर्थिक वर्ष २०७८/७९ को जेठ मसान्तसम्म एक हजार एक मेट्रिक टन मल वितरण गरेको जनाएको छ । चालु आर्थिक वर्षमा ६२४.४ मेट्रिक टन युरिया मल आएकामा सबै मल बिक्री वितरण भएको छ । ३२४.३५ मेट्रिक टन डिएपी र पाँच मेट्रिक टन कृषि चुन मल आएकामा त्यो पनि सबै बिक्री वितरण भएको शाखाले जनाएको छ । कार्यालयमा सुरुमा १४१.४ मेट्रिक टक युरिया रहेकामा पछि ४८३ मेट्रिक टन प्राप्त भएको थियो । त्यस्तै ११७.३५ मेट्रिक टन डिएपी रहेकामा पछि २०७ मेट्रिक टन प्राप्त भई सबै मल बिक्री वितरण भएको छ ।

# अमेरिकी अदालतले महिलालाई गर्भपतनको अधिकार कुण्ठित गरेकामा विरोध

**रासस**
**काठमाडौं, १६ असार**

प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी कार्य समूहले अमेरिकी सर्वोच्च अदालतले महिलालाई गर्भपतनको अधिकार प्रत्याभूति गर्ने रोय विरुद्ध वादेको मुद्दामा स्थापित गरेको नजीरलाई उल्ट्याउन गरेको फैसलाको घोर भर्त्सना गरेको छ।

समूहले बिहीबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा अमेरिकी सर्वोच्च अदालतले डब्स विरुद्ध ज्याक्सन महिलाको स्वास्थ्य सङ्गठन मुद्दामा गरेको फैसला पश्चगामी भएको जानकारी गराइएको छ। फैसलाले अमेरिकाले सम्मान, संरक्षण र परिपूर्ति गर्नुपर्ने अन्तर्राष्ट्रिय मानवअधिकारको उल्लङ्घन गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ। गर्भपतनमा प्रतिबन्ध लगाउने कुरा सामान्यतया अप्रभावकारी हुने प्रमाणित तथ्य भएको समूहमा आबद्ध संस्था महिला, कानून र विकास मञ्चका कार्यकारी निर्देशक सविन श्रेष्ठले बताउनुभयो । गर्भपतनमा बन्देज लगाउँदा महिला झन् असुरक्षित गर्भपतनको सहारा लिन बाध्य हुने उहाँले सुनाउनुभयो । जसले गर्दा लाखौँ व्यक्तिको जीवन खतरामा पर्छ ।विश्व स्वास्थ्य सङ्गठनले सन् २०२२ मार्चमा जारी गरेको गर्भपतनसम्बन्धी निर्देशनमा गर्भपतनको अधिकारलाई आवश्यक स्वास्थ्य सेवाका रूपमा मान्यता दिएको छ । समूहले महिलाको शारीरिकस्वायत्ततालाईखुलमखुला बेवास्ता गर्ने फैसलालाई निन्दा गर्ने अमेरिकी तथा अन्तर्राष्ट्रिय समुदायसँग ऐक्यबद्धता प्रकट गरेको छ । गर्भपतन गर्न पाउने अधिकार र यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सवालमा स्वायत्त निर्णय गर्न पाउने अधिकार मौलिक मानवअधिकार हुन् ।

यी अधिकारको हननूले समानताको हक, गोपनीयताको हक, सूचनाको हक, स्वास्थ्यको हक, दुर्व्यवहारविरुद्धको हक, खराब व्यवहार तथा लैङ्गिक हिंसाविरुद्धको हकबाट व्यक्तिलाई वञ्चित गर्ने समूहले जनाएको छ । नेपालको संविधानले प्रजनन स्वास्थ्य तथा अधिकारलाई मानवअधिकारका रूपमा प्रत्याभूत गरेको छ। यी मौलिक अधिकारलाई कार्यान्वयन गर्ने क्रममा नेपालले विसं २०७७ को असोज २ मा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी ऐन र २०७७ असोज २६ मा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी नियमावली बनाएको थियो ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# गण्डकी प्रदेशको नीरिहता

केन्द्रीकृत शासन प्रणाली हटाएर संघीय शासन प्रणालीमा गएपनि साशकमा केन्द्रीकृत सोच हावी छाशासकीय स्वरुप परिवर्तन गरेको दावी गर्ने दल र नेतामा केन्द्रीकृत व्यवहार प्रदर्शन गरेका छन । आफ्नो प्रदेशको समस्या आफैं हल गर्न नसक्ने नेतृत्वले संघीयता कमजोर बनाएका छन । हरेक समस्याको रामवाण बालुवाटार र खुमलटारबाट देख्नेलाई प्रदेशको नेतृत्व थापना गर्दा संघीयता खारेज गर भन्ने आवाज बढ्न थालेको छ। गठबन्धनको सबैभन्दा कमजोर नेतृत्व गण्डकी प्रदेशमा भएको हुँदा हरेक समस्या केन्द्रका साशक समक्ष पुग्ने गरेको छाअहिले गण्डकीको बजेट विवाद बालुवाटारदेखि खुमलटारसम्म पुगेको छ । माओवादीका अर्थमन्त्री र कांग्रेसका मुख्यमन्त्री रहेको गण्डकीमा बजेट ल्याएको दिनदेखि नै विवाद बढेको छ । विवादको कारण बजेट सार्वजनिक भएको १७ दिनसम्म प्रदेश सभामा छलफल सुरु हुन सकेको छैन ।

गण्डकीको प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले बजेटबारे प्रदेश सभा बैठकमा छलफल हुनुपर्ने भन्दै दबाब दिएको छ। एमालेले बजेटबारे सदनमा छलफल चल्नुपर्ने कि अर्थमन्त्रीलाई मुख्यमन्त्रीले हटाउनुपर्ने अथवा मुख्यमन्त्रीले राजीनामा दिएर मार्ग प्रशस्त गर्न सुझाव दिएको छ । सत्ता गठबन्धनले संसद्लाई बन्धक बनाउन नहुने एमाले संसदीय दलले पत्रकार सम्मेलन गरेर धारणा प्रष्ट पारेको छ। अर्थमन्त्री रामजी बराललाई हटाउन काङ्ग्रेस र माओवादी केन्द्रको एउटा खेमा लागेका छन। बाहिर एकथोक भित्र अर्क छ । बजेट बारेको काङ्ग्रेस-माओवादी केन्द्र बीचको समस्याको हल नगरीकन अर्थ तथा बिकास समितिमा छलफल गर्ने बिहीबार दिउँसो १ बजे डाकिएको बैठकमा २ बजेसम्म कुर्दा पनि सभापति दीपक कोइरालाबाहेक अन्य सदस्य उपस्थित भएनन् ।

बुधबार नै एमालेले पत्रकार सम्मेलनमा बजेटमाथिको छलफल संसद्मा हुनुपर्नेमा अर्थ तथा विकास समितिमा छलफल गर्न लागिएको भन्दै आपत्ति जनाएका थिए । यो समितिमा १४ सदस्य छन् । जसमध्ये सभापति बाहेकका ६ सदस्य एमालेका हुन् भने ६ जना सदस्य चाहिँ गठबन्धन सरकारमा मन्त्री भएका छन् । बुधबार आपत्ति जनाएकै कारण एमालेका सदस्य नआएको बुझ्न सकिन्छ। मन्त्रीसहित गठबन्धनका सदस्य कोही पनि नआउनु रहस्यमय छ। मन्त्रीहरू नआएको खण्डमा र एकजनामात्रै सांसद पनि अनुपस्थित भएको खण्डमा यो समितिमा कोरम पुग्दैन । पछिल्लो समय गण्डकी प्रदेशसभाको सबैभन्दा निष्क्रिय समिति पनि अर्थ तथा विकास समिति नै बनेको छ ।

'मन्त्रालय, निर्देशनालय र अन्तर्गतका निकायको राजश्व र व्ययसम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेस गर्ने' महत्वपूर्ण कार्यक्षेत्र समितिको भएतापनि सदस्यहरूकै अनुपस्थितिका कारण बैठक बस्नै सकेको छैन । हरेक समस्या प्रदेश सभा बैठक, समितिमा नखोजी केन्द्र धाउने प्रबृत्तिले गर्दा अहिलेको समस्या आएको हो ।

प्रदेशकै 'हटकेक' बनिरहेको बजेट विवादको बारेमा छलफल गर्न न सांसद उपस्थित भए, मन्त्रीहरूले त समितिको बैठक अवज्ञालाई निरन्तरता दिनु सदनप्रतिको उपैक्षा हो । यस्तो अवस्थामा मुख्यमन्त्रीले नै विशेष पहल लिएर सदन सुचारु गर्न अग्रसरता देखाउनुपर्छ। सभामुखले पनि सहजीकरण गरेर चाँडै बजेट प्रदेश सभा बैठकमा छलफल गरेर निकास निकाल्नु बुद्धिमता हुनेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सम्मान मिल्नेछ |
| ककर्ट | : शत्रुको भय | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : कार्यमा सफलता | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# धन्सारले पुरिएर बालिकाको मृत्यु

**पोखरापत्र संवाददाता**
**वालिङ, १६ असार**

स्याङ्जाको गल्याङ-१० डुबिन्डाँडामा आज बिहान धन्सार भत्किएर पुरिँदा एक बालिकाको मृत्यु भएको छ ।

वर्षाका कारण डुबिन्डाँडाका ढाकाराम भट्टराईको घर नजिकै रहेको कच्ची धन्सार भत्किँदा सोही धन्सारमा सुतिरहेकी १२ वर्षीया रेखा भट्टराईको मृत्यु भएको हो ।

गम्भीर घाइते उनको गल्याङ नगर अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता रवीन्द्र खनालले जानकारी दिनुभयो ।

सोही धन्सारमा सुतेका मृतकका दाजु १६ वर्षीय लक्ष्मणको चोट लागेको छ । उनको अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ ।

# रोकाको उपचारमा चार लाख सहयोग

**पोखरापत्र संवाददाता**
**वालिङ, १६ असार**

रुखबाट लडेर गम्भीर घाइते हुनुभएकी ताराखोला गाउँपालिका-२ अर्गलकी कलामति रोकालाई उपचारार्थ रु चार लाख १४ हजार २८९ सहयोग प्रदान गरिएको छ । स्थानीय नवसिर्जना युवा क्लबले आर्थिक सहयोग अभियान चलाएर उठेको सो रकम आज रोकाको परिवारजनलाई हस्तान्तरण गरिएको हो । क्लबका अध्यक्ष पूर्णभद्र न्यूरेका अनुसार २५ वर्षीया रोका अहिले पोखरास्थित हरियोखर्क अस्पतालमा उपचाररत हुनुहुन्छ । 'रोकाको मेरुदण्डमा समस्या देखिएको छ, उपचारमा अर्थाभाव भएपछि क्लबले सहयोग अभियान चलाएको हो', उहाँले भन्नुभयो ।

रु ५० देखि बढीमा रु ३० हजारसम्म सहयोग गर्ने २५० सहयोगदाता अभियानमा जोडिएको क्लबले जनाएको छ । अर्थाभावकै कारण रोकाको उपचारमा समस्या निम्तिएपछि देशविदेशबाट सहयोग प्राप्त भएको थियो । सहयोग रकम प्रदान गर्दै गाउँपालिकाका निवर्तमान अध्यक्ष प्रकाश घर्तीले मानवीय सेवाका क्षेत्रमा क्लबले खेलेको भूमिकाको प्रशंसा गर्नुभएको थियो । क्लबले यसअघि पनि घाइते र बिरामीको उपचारका लागि सहयोग रकम जुटाएको थियो । सोही अवसरमा गैरवआवसीय नेपाली सङ्घ क्षेत्रीय समिति कान्साइ जापानद्वारा विपन्न तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिसमेत प्रदान गरिएको थियो । अनलाइन आवदेनका आधारमा छनोटमा परेका ताराखोलाका पाँच जना विद्यार्थीलाई जनही रु १० हजारका दरले छात्रवृत्ति वितरण गरिएको हो । छात्रवृत्ति पाउनेमा नेपाल माध्यमिक विद्यालयका सुजन परियार, जनप्रेम माविका बुद्ध गुरुङ, युवा वर्ष आधारभूत विद्यालयका अनिता घर्ती, यमुना भण्डारी र भूमिराज घर्ती रहनुभएको छ ।

# बैंसीशहर - चामे सडक पुन:सञ्चालन

**पोखरापत्र संवाददाता**
**लमजुङ, १६ असार**

बाढी पहिराले अवरुद्ध बनाएको हिमाली जिल्ला मनाङ र पहाडी जिल्ला लमजुङ जोड्ने एक मात्र बैंसीशहर-चामे सडक पुनः सञ्चालन भएको छ ।

अविरल वर्षासँगै आएको बाढीपहिराले बुधबार बिहानैबाट अवरुद्ध बनेको यस खण्डको पहिरो हटाएसँगै बिहीबार साँझ ७ बजेदेखि पुनः सञ्लालन भएको डुम्रे बैंसीशहर चामे सडक योजना कार्यालय लमजुङका सूचना अधिकारी तथा इञ्जिनीयर पुरुषोत्तम अधिकारीले बताउनुभयो ।

यस सडकखण्डको विभिन्न भागमा गएकोमध्ये हटाउन बाँकी मर्स्याङ्दी गाउँपालिका-४ श्रीचौर जगतको पहिरो हटाउन सफल भएसँगै सवारी साधन सञ्चालनमा आएको उहाँको भनाइ छ । सडक माथिबाट ठूला ठूला ढुङ्गामाटासहितको पहिरो खस्दा दुई ठाउँमा अवरुद्ध हुनुका साथै सडक भत्किएको थियो ।

मर्स्याङ्दी गाउँपालिका-३ खुदी नजिकै ठूला ढुङ्गा माटासहितको पहिराले सडक अवरुद्ध बनाएको थियो ।

सो स्थानमा करिब ३५ मिटर सडक अवरुद्ध बनाए पनि सहज रुपमा पहिरो हटाइएको थियो ।

# अध्यक्ष ओली र गौतमबीच भेटघाट

**रासस**
**काठमाडौं, १६ असार**

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाल कम्युनिस्ट पार्टी (एकता राष्ट्रिय अभियान) का संयोजक वामदेव गौतमबीच आज ओली निवास बालकोटमा भेटवार्ता भएको छ ।

अध्यक्ष ओलीसँगको भेटमा संयोजक गौतमले आफ्नो तीन महिने अभियानको बारेमा जानकारी गराउँदै विभाजित कम्युनिष्ट पार्टी मिलेर अघि बढ्नुपर्ने धारणा राख्नुभएको बताइएको छ ।

गौतमले आफ्नो अभियान र एकताका बारेमा कुरा राख्नुभएको अध्यक्ष ओली सचिवालयका रामशरण बजगाईंले जानकारी दिनुभयो ।


## माईग्रेशन सर्टिफिकेट हराएको सूचना

**मेरो निम्न बेहोरा भएको माईग्रेशन सर्टिफिकेट पोखरा-५, मालेपाटनबाट महेन्द्रपुल जादाँ २०७९ जेठ २ गते हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न बमोजिमको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।**

**नाम : बिमला रसाइली**
**ठेगाना: पोखरा-५, मालेपाटन**
**सिम्बोल नं. :** ५४०००१२४
**रजिष्ट्रेशन नं.:** ७३४३०९००३
**सम्पर्क नं. :** ९८६७९७२९७७, ९७४६३०००३१


# एसओएस पोखरामा विद्यार्थी परिषद् पदस्थापन

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ असार**



पोखरा १७ घारीपाटनमा रहेको एसओएस हर्मन माइनर स्कुलमा विद्यार्थी परिषद्को एक कार्यक्रबीच पुनर्गठनसँगै पदस्थापन भएको छ ।

हरेक वर्ष विद्यार्थीको शैक्षिक गतिविधिलाई चुस्त, दुरुस्त र प्रभावकारी राख्न परिषद् को गठन गरिएको विद्यालयका प्राचार्य फूर्वू ठिन्लेले जानकारी दिनुभयो । विद्यार्थीमैत्री वातावरणमा अध्ययन अध्यापन हुँदै आएको विद्यालयमा विद्यार्थीको चौतर्फी विकास गर्न विद्यार्थीलाई नै क्रियाशील हुने गरी हरेक वर्ष परिषद्को गठन गरिएको उहाँले जानकारी दिनुभयो । काउन्सिलमा विद्यालय नायकमा ढुन्डुप छिरिङ र तेन्जिन छेतेन चयन भएका छन् । मतदानबाट भएको चयनमा प्रक्रियामा विद्यार्थी प्रिफेक्टहरु छात्रतर्फ कर्म टासी, टासी फुन्चोक, छिरिङ शेर्पा र रिन्जिन ढुन्डुप चयन भएका छन् । छात्रातर्फ छिरिड युडोन, डोल्मा तामाङ, पासाङ डोल्मा र अनिता गुरुङ. चयन भएको चपरिषद्ले शैक्षिक वर्ष सन् २०२२ र २०२३ का लागि काम गर्ने छ । सिनियरतर्फ दीपेन गुरुङ र पेमा डोल्मा चयन भएका छन् ।

पदस्थापनसँगै विद्यार्थी नेतृत्वहरुलाई खादा र व्याच प्रदान गरिएको थियो । सो अवसरमा उर्गेन दावा, गोविन केसी लगायतका शिक्षकहरुले आफ्नो मन्तव्य राख्नुभएको थियो । सो अवसरमा बोल्दै विद्यार्थी नायक ढुन्डुप छिरिङले विद्यार्थीहरुको अनुशासनलाई कायम राख्दै सिर्जनशील बन्न प्रेरित गर्ने बताए । छात्रा नायक तेन्जिन छेतेनले विद्यार्थीहरुलाई कर्तव्यनिष्ठ र अनुशासित बनाउन आफ्नो नेतृत्व क्रियकाशील रहनेमा जोड दिइन् ।

सो अवसरमा प्रिफेक्ट र छात्रछात्रा नायकहरुले सपथ खाएर शैक्षिक गुस्तर कायम राख्न नवगठित परिषद् सदैव लागि पर्ने प्रतिबद्धता जनाएको शिक्षक अमृत घिमिरेले जानकारी दिनुभयो ।

# सक्रिय पहलपछि प्राप्त भयो 'महाकालीको पानी'

**– रमेश लम्साल**
**म्याग्दी, १६ असार**

महाकाली सन्धि भएपछि पश्चिम नेपालको विकास निर्माणले गति लिन्छ भन्ने सोच हालसम्म पनि पूरा हुनसकेको छैन । यद्यपि, सन्धि भएको अढाइ दशकपछि महाकाली सिँचाइ आयोजनाले वर्षाको समयमा पानी पाएको छ । सो पानी पाउन पनि नेपालले ठूलै सङ्घर्ष गर्नुपर्‍यो । सन्धिमा समेटिएको पश्चेश्वर बहुउद्देश्यीय जलविद्युत् आयोजनालगायत काम भने हालसम्म अगाडि बढ्न सकेको छैन ।

बिजुली उत्पादन, जम्मा भएको पानीको सदुपयोग गर्ने गरी बहुउद्देश्यीय परियोजना निर्माण गर्ने भन्दै नेपाल र भारतबीच सहमति भए पनि विस्तृत परियोजना प्रतिवेदन बन्न नसक्दा आयोजनाले गति लिन सकेको छैन । सरकारले हरेक वर्ष पश्चेश्वरको विषयलाई नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्ने गरेको छ। आगामी आवको बजेटमा समेत सो आयोजना समेटिएको छ।

तर, डिपिआरले अन्तिम रुप लिन नसक्दा आयोजनाको चर्चा केवल चर्चामा सीमित नै हुन पुगेको छ । सन्धिअनुसार छ महिनाभित्र डिपिआरको काम सम्पन्न गर्ने भनिएको थियो । पानी बाँडफाँटको विषयमा सहमति हुन नसक्दा डिपिआरले मूर्तरुप लिनसकेको छैन । यसबीचमा दर्जन बढी मन्त्री, सचिव फेरिए। हरेक मन्त्री र सचिवले आयोजनाको चर्चा गरे । तर काम अगाडि बढ्न सकेन । महाकाली सिँचाइ आयोजनामा पानी ल्याउने विषय पनि त्यस्तै थियो। राजनीतिक भाषण र सार्वजनिक खपतका लागि बोलिए पनि व्यवहारिकरूपमा काम हुनसकेको थिएन । वर्तमान सरकार र त्यसमाथि पनि ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालको निरन्तरको प्रयासपछि महाकाली सिँचाइ आयोजनाले पानी पाएको छ । बुधबारदेखि औपचारिकरूपमा महाकाली सिँचाइ आयोजनाको तेस्रो चरणअन्तर्गत ब्रम्हदेवबाट मूल नहरको काम सुरु भएको छ । विसं २०६३ देखि महाकाली सिँचाइ आयोजना तेस्रो चरणअन्तर्गत कञ्चनपुरको ब्रह्मदेवबाट मूल नहरको काम प्रारम्भ भएको हो । भारतले नेपालको भूमिसम्म एक हजार २०० मिटर मूल नहर र हेडरेगुलेटरलगायत संरचना निर्माण गर्न झण्डै दुई दशक समय व्यतित भएपछि बल्ल नेपालले पानी पाएको हो ।

मन्त्री भुसालले सरकारको निरन्तरको कूटनीतिक प्रयास एवं पहलका कारण महाकाली सिँचाइ आयोजनामा पानी आउन थालेको हो । केही समयअघि मात्रै भारतीय पक्षले सन्धिअनुसार बनाउनुपर्ने मूल नहर र संरचना तयार गरेपछि महाकालीको पानी मूल नहरमार्फत सिँचाइका लागि पानी प्राप्त भएको हो । मन्त्री भुसालले आयोजनालाई शीघ्र सम्पन्न गर्न नेपालतर्फको कामलाई गति दिन आफूले विशेष निर्देशन दिएको र सोहीअनुसार आयोजनास्थलमा काम भइरहेको जानकारी दिनुभयो । सरकारले सो आयोजनालाई राष्ट्रिय गौरवको आयोजनामा समेत समावेश गरेको छ । पछिल्लो समय राष्ट्रिय गौरवको आयोजनामा परेपछि उक्त आयोजनाको सक्रियता झनै बढेको छ । "भारततर्फको नहर सम्पन्न भएपछि केही दिनदेखि नै परीक्षण भइरहेको थियो । बुधबारदेखि हामीले पानी पाएका छौँ", जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक सुशीलचन्द्र आचार्यले जानकारी दिनुभयो ।

हाल नेपालतर्फको कूल २८ किलोमिटर मूल नहर निर्माण सम्पन्न भइसकेको छ । सो नहर कूल ४२ किलोमिटर लामो छ । सबै नहरको निर्माण सम्पन्न हुन अझै तीनदेखि चार वर्ष लाग्न सक्ने महानिर्देशक आचार्यको भनाइ छ । निर्माण सम्पन्न भएको २८ किलोमिटर लामो मूल नहरमा पनि विभिन्न २२ वटा शाखा नहर निर्माण गर्नुपर्नेछ । त्यसका लागि बल्ल बोलपत्रको काम भएको छ। त्रिभुवन बस्तीसम्म पानी पुऱ्याउनका लागि अझै धेरै काम गर्न बाँकी रहेको छ। ती सबै काम सम्पन्न भएपछि १६ हजार हेक्टर कृषियोग्य भूमिमा १२ महिना नै सिँचाइ सुविधा उपलब्ध हुनेछ । त्यसबाट कृषि उत्पादन उल्लेखनीयरूपमा वृद्धि हुनेछ । सो नहरबाट नेपालले वर्षातमा २८ मिटर क्यूब बराबरको पानी प्राप्त गर्छ भने हिउँदमा आठ मिटर क्यूब पानी पाउने सम्झौता छ । सरकारले त्रिभुवन बस्ती, मालाखेतीसम्म नहर पुऱ्याएर सिँचाइ सुविधा उपलब्ध गराउने कामलाई प्राथमिकतामा राखेको छ। कूल २८ हजार हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउने सरकारको योजना छ। त्यस्तै छ हजार हेक्टरमा सतही सिँचाइ उपलब्ध गराउने योजनाअनुसार काम भएको छ । आयोजना तेस्रो चरणका सिनियर डिभिजनल इञ्जीनियर शम्भु पण्डितका अनुसार भारतीय नेशनल हाइड्रोपावर कर्पोरेशन (एनएचपीसी)ले पानी परीक्षण गरेको हो । महाकाली सिँचाइले यसअघि ब्रह्मदेवबाट करिब १३ किलोमिटर मूल नहर निर्माण गरिसकेको छ । थप १५ किलोमिटर नहर निर्माणकार्य अन्तिम चरणमा छ । "साढे १८ किलोमिटर मूल नहर तयार भइसकेको छ", इञ्जीनियर पण्डितले भन्नुभयो, "साढे १२ किलोमिटरमा गौजी खोलामा स्केप छ, त्यही लगेर पानी फाल्छौं ।" मूल नहरको २८ किलोमिटर तयार हुन एक दशकभन्दा बढी समय खर्च भइसकेको स्थिति छ । निर्माणाधीन १५ किलोमिटर मूल नहर (शुक्लाफाँटा नगरपालिकाको टोटी फुलेली) सम्म तीन प्याकेजमा निर्माण भएपछि काम सम्पन्न हुनेछ।आगामी आवका लागि सरकारले सो आयोजनाका लागि रु एक अर्ब २६ करोड विनियोजन गरेको छ । लामो समय मुआब्जा उल्झन, रकम अभावलगायत कारणले नहर निर्माणमा ढिलाइ भएको थियो । पछिल्लो समय निर्माणले गति लिएपछि स्थानीयवासीमा खुसी थपिएको छ । आयोजनाले २२ शाखा नहर निर्माणका लागि जग्गा अधिग्रहण प्रक्रिया अघि बढाएको छ। शाखा नहर निर्माणपछि भीमदत्त नगरपालिका, बेदकोट र शुक्लाफाँटा नगरपालिकाका केही क्षेत्रका किसानले सिँचाइ सुविधा पाउनेछन्। आयोजनाअन्तर्गत १५१ किलोमिटर नहर निर्माण भए कञ्चनपुर र कैलालीको मालाखेती क्षेत्रको ३३ हजार ५०० हेक्टर जमिनलाई सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य छ । हालसम्म आयोजनामा मात्रै रु चार अर्ब खर्च भइसकेको छ। चुरेको फेदबाट निर्माण भइरहेको मूल नहरले कैलालीको मालाखेती र कञ्चनपुरको दक्षिण क्षेत्र पुर्नवासमा सिँचाइ सुविधा उपलब्ध हुनेछ । सन्धिअनुसार भारतले दोधारा-चाँदनी नगरपालिकामा समेत सिँचाइका लागि ३५० क्युसेक पानी उपलब्ध गराउनुपर्ने व्यवस्था छ । तर त्यहाँ पनि भारतले शारदा नहरबाट नेपाल-भारत सिमानासम्म बनाउनुपर्ने मूल नहर र संरचना निर्माणमा ढिलाइ भइरहेको छ। नहर निर्माणको कुनै सुरसार नै छैन ।

# बागलुङ बजारमा खानेपानीको हाहाकार: कहिले सकिएला लिफ्ट आयोजना ?

-खेमराज गौतम
बागलुङ, १६ असार(रासस)

वर्षाको बेला बागलुङवासीले धारोमा पानी आउछ कि आउँदैन भनेर आकाशतर्फ फर्केर निस्फौल गर्ने गर्छन् । वर्षातको समयमा बागलुङमा खाने पानीको चरम समस्या हुन्छ । वर्षा याममा धमिलोपानी आउनेभएपछि आकाशबाट पानी परेको दिन खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले खानेपानी कटौती गर्ने गरेको छ ।

खानेपानीलाई शुद्धीकरण गर्न नसकेपछि नगर खानेपानी कार्यालयले धमिलो दूषित पानी बजारमा पठाउँदै आएको भन्दै उपभोक्ताले चर्को आलोचना गर्दै आएका छन् । धमिलो पानी वितरण नगर्न अदालतले समेत आदेश दिएको छ । सामान्य अवस्थामा समेत नगर खानेपानीले उपभोक्ताको मागअनुसार खानेपानी आफूर्ति गर्न सकेको छैन । नगरका उपभोक्तालाई स्वच्छ खानेपानी उपलब्ध गराउने गरी नगर खानेपानी लिफ्ट आयोजना निर्माणधीन अवस्थामा छ । आयोजना सकेर घर-घरमा पानी पुऱ्याउने समयमा आयोजनाको काम कछुवा गतिमा भइरहेको छ । काठेखोलाको पानी शुद्धीकरण गरेर लिफ्टमार्फत बागलुङ बजार ल्याउने आयोजनाको काम बल्ल ८० प्रतिश पूरा भएको छ । नगर खाने पानी तथा उपभोक्ता संस्थाका प्रबन्धक हिमालप्रसाद शर्माले पानी पर्दा मुहानमा भल पस्ने समस्या भएका कारण धमिलो पानी उपभोक्ता नपुगोस् भनेर पानी पर्दाको दिन खानेपानी वितरण नगरिएकोबताउनुभयो।“सामान्य अवस्थामा पानी फिल्टर गरेर पठाउने गरेका छौं तर पानी पर्दा धमिलो पानी आउँछ फिल्टरले धान्दैन” उहाँले भन्नुभयो,“लिफ्ट आयोजना नबन्दासम्म बागलुङ बजारमा खानेपानीकोदीर्घकालीनसमस्या समाधान गर्न सकिँदैन, अस्थायी रूपमा खाने पानी शुद्धीकरण गर्ने काम भइरहेकै छ, खानेपानी राम्रो आउँदासमेत माग धान्ने समस्या हुने अवस्थामा पानी नआउँदा उपभोक्तालाई समस्या नै हुन्छ ।”

खानेपानीको समस्या भएपछि बागलुङ बजारका उपभोक्ताले खानेपानी ल्याउनका लागि उपल्लाचौरको अम्बोट, तित्याङ र सुलडाँडा पुग्ने गरेका छन् । बर्खा लागेपछि शुद्ध खानेपानीको खोजीमा मूलको पानी ल्याउन उपभोक्तले समय खर्चिनुपर्ने भएको छ । शुद्ध खानेपानी वितरण नभएको भन्दै उपभोक्ताले बागलुङ नगरपालिका, जिल्ला प्रशासन तथा नगर खानेपानी संस्थालाई ध्यानाकर्षण गराउँदै आएको उपभोक्ता डिल्ली गौतमले बताउनुभयो ।

बागलुङ नगरपालिका-३ काठेखोलामा निर्माणाधीन खानेपानी आयोजनाको काम निर्माण सुरु भएको चार वर्षमा ८० प्रतिशत प्रगति भएको छ । लिफ्ट आयोजना सम्पन्न भएपछि नगरवासीले खानेपानीमा राहत पाउने अवस्था भए पनि आयोजनाको काम कछुवा गतिमा भएको उपभोक्ताले गुनासो गर्दै आएका छन् । लिफ्ट खानेपानी आयोजना जिल्लाकै ठूलो लिफ्ट आयोजना हो । आयोजना पूरा नहुने र रेश तथा लेखानीबाट ल्याइएको पानी नियमित नहुँदा नगरपालिकामा खानेपानीको हाहाकार हुन्छ । दुई वर्षमा सक्ने गरी निर्माण सुरु भएको यो आयोजना चार वर्ष बित्दासमेत ८० प्रतिशत मात्रै काम सकिएको छ । नगरपालिकामा चौबीसै घण्टा शुद्ध खानेपानी वितरण गर्ने उद्देश्यले खानेपानी तथा ढल व्यवस्थापन विभाग र स्थानीय साझेदारीमा चार वर्ष अघि आयोजना सुरु भएको थियो । दुई वर्षमा सम्पन्न गर्ने गरी २०७५ असार ३१ गते रु ३२ करोड २५ लाख लागतमा कन्काई जयमाता जेबीले ठेक्का सम्झौता गरी निर्माण थालेको आयोजनाको काम चार वर्ष बित्दासमेत सम्पन्न हुन सकेको छैन । यही गतिमा आयोजना बढेमा काठेखोलाको पानी बजारमा ल्याउन अझै एक वर्ष लाग्ने निश्चित छ । खानेपानी आयोजनास्थल भौगोलिकरूपमा कमजोर हुनु, निरन्तर पहिरो जानुजस्ता कारणले आयोजनाको लागतसमेत बढेर गएको छ ।

सत्तरी प्रतिशत नेपाल सरकार र ३० प्रतिशत स्थानीय श्रमदानबाट सुरु गरिएको आयोजनाले अहिलेसम्म ११ किमि पाइप लाइन विस्तार, सात लाख लिटरको दुईवटा मुख्य ट्याङ्की, प्रशोधन केन्द्र निर्माण गरिसकेको छ । आयोजनाको सहायक प्रशोधन केन्द्र र मोटर जडान तथा विद्युतीकरणको काम अझै बाँकी छ । खानेपानी सङ्कलनका लागि आयोजनाले रातमाटामा एउटा पाँच लाख लिटर र अर्को दुई लाख लिटरको ट्याङ्की निर्माण गरिसकेको छ । काठेखोलाको पानी तान्ने पाँचवटा समवेयल, आयोजनास्थलमा खानेपानी सङ्कलन र ट्याङ्की निर्माण दुई वर्ष अघिनै भइसकेको छ । कोरोना महामारी र पहिरो रोकथामका लागि थप पूर्वाधार निर्माण गर्दा आयोजनाको काममा ढिलाइ भएको निर्माण व्यवसायीको भनाइ छ ।

अहिले म्याद सकिएको आयोजना पुससम्म म्याद थपेर सम्पन्न गर्ने लक्ष्य लिइएको छ । बागलुङ बजारमा काठेखोला गाउँपालिकाको रेश, भूदी र रिठेखोलाको पानी वितरण हुँदै आएको छ । नगरपालिकाको जनसङ्ख्या वृद्धि भएपछि खाने पानीको समस्या बढ्दै जाँदा काठे खोलाको पानी लिफ्टमार्फत तानेर प्रशोधन गरी वितरण गर्ने उद्देश्य यस आयोजनाको छ । आयोजनास्थलमा सुरक्षित ड्याम तथा पहिरो संरक्षणका लागि थप रु छ करोड बढी लागत बढ्ने अनुमान गरिएअनुसार बजेट थप भएको छ, भने अहिले ट्रान्सफर र मोटरसमेत परिवर्तन गर्नका लागि पुनःमूल्याङ्कनको काम भइरहेको छ । पुससम्म खानेपानी बजारवासीलाई पुऱ्याउने गरी काम भइरहेको निर्माणको जिम्मा पाएको कन्काई जयमाता जेभीका इञ्जिनीयर विक्रम अधिकारीले बताउनुभयो । “भौगोलिक जटिलतार कोरोनाले ढिलाइ भएको हो, अहिले धमाधम काम भइरहेको छ, ८० प्रतिशत आर्थिक र भौतिक प्रगति भइसकेको छ” उहाँले भन्नुभयो “पहिरो रोकथामका लागि सम्झौताभन्दा बढीको कामको मूल्याङ्कन भइसकेको छ, अब पुसमा आयोजनाको काम सकिन कुनै समस्या देखिदैन ।” आयोजनास्थलमा पहिरो जाने र आयोजनाको स्वरुप परिवर्तन हुँदा झण्डै १० करोड लागत अनुमान थप हुने देखिन्छ । बागलुङ बजारमा खानेपानीको माग प्रतिसेकेण्ड ४० लिटर रहेकामा पानी नपर्दा प्रतिसेकेण्ड ३० लिटर मात्रै खानेपानी आपूर्ति हुँदै आएको छ । आयोजनाको निर्माण सम्पन्न भएपछि प्रतिसेकेण्ड ७० लिटर खानेपानी आपूर्ति हुने बताइएको छ । डिभिजन खानेपानी कार्यालय, नगरपालिका र नगर खानेपानी उपभोक्ता संस्थाको सहलगानीमा लिफ्ट आयोजना अघि बढेको हो । खानेपानीलाई शुद्ध बनाइ वितरण गर्न पोखरास्थित उच्च अदालतको बागलुङ इजलासले समेत २०७५ भदौ १८ गते नगर खानेपानी उपभोक्ता संस्थाको नाममा परमादेश जारी गरेको थियो तर परमादेशको समेत अवज्ञा हुँदै आएपछि आदेशको अवहेलनामा फेरी यही असारमा सोही अदालतमा रिट दायर गरिएको थियो । धमिलो पानी आउँदा उपभोक्तालाई झाडापखालाजस्ता स्वास्थ्य समस्या देखिने भएकाले उमालेर खानेपानी पिउन स्वास्थ्यकर्मीको सुझाव छ ।

लिफ्ट आयोजना सम्पन्न भएपछि बागलुङ बजारमा मात्रै नभएर रमेटार, हाडेपाँखा र रातामाटाका घर-घरमा नयाँ धारा पुऱ्याइने जनाइएको छ ।

# किसान समूहलाई ट्र्याक्टर हस्तान्तरण

पोखरापत्र संवाददाता
तनहुँ, १६ असार

जिल्लाको बन्दीपुर गाउँपालिका-१ स्थित हरियाली किसान समूहलाई ट्याक्टर हस्तान्तरण गरिएको छ ।

प्रदेश सरकारको कृषि मन्त्रालयको ७५ र समूहको २५ प्रतिशत अनुदामा उक्त ट्याक्टर अनुदानमा प्रदान गरेको हो । गण्डकी प्रदेशका कृषिमन्त्री चन्द्रबहादुर बुढाले एक कार्यक्रमकाबीच आज ट्याक्टर हस्तान्तरण गर्नुभएको हो । बाँझो जमिन नराखी जग्गालाई चक्लाबन्दी गरी व्यवस्थित तरिकाले कृषि खेती गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

परम्परागत शैलीबाट माथि उठेर व्यावसायिक रूपमा कृषि क्षेत्रलाई अघि बढाउन सकिए खाद्यान्न, तरकारी र फलफूलमा आत्मनिर्भर बन्न सकिने उहाँले बताउनुभयो । प्रदेश सरकारमा कृषि मन्त्रालयबाट रु चौबिस लाखको लागतमा उक्त ट्याक्टर प्रदान गरिएको गाउँपालिकाका निवर्तमान अध्यक्ष पूर्णसिं थापाले जानकारी दिनुभयो । उहाँले पहाडी भागमा सुन्तला कागती खेती गरी गाउँपालिका र गण्डकी प्रदेश सरकारको सहयोगमा पाखाटारमा लिफ्टिङमार्फत सिँचाइको व्यवस्था गर्न सकेको मात्रै कृषि क्षेत्रमा फड्को मार्न सक्ने बताउनुभयो । उक्त समूहमा एक सय बढी सदस्य आवद्ध रहेको समूहकी अध्यक्ष अन्जु श्रेष्ठले जानकारी दिनुभयो ।

प्राप्त भएको ट्याक्टरले सस्तो भाडा दरमा जमिन जोत्न प्रयोग गरिने उहाँले बताउनुभयो । बाँझो जमिन नराखी जग्गालाई चक्लाबन्दी गरी व्यवस्थित तरिकाले कृषि खेती गर्नका लागि सहज हुने बताइएको छ । छोटो समयमा धेरै क्षेत्रफल जोत्न र खेती गर्न सकिने हुँदा ट्याक्टर प्रभावकारी देखिएकोले समूहलाई प्रदान गरिएको वडाध्यक्ष शिवकुमार श्रेष्ठले बताउनुभयो ।

उक्त वडामा करिब ३०० रोपनी क्षेत्रफलमा जमिन चक्लाबन्दी गरिएको छ भने वडा नं ३ मा झण्डै एक हजार रोपनी चक्लाबन्दी गरिएको बन्दीपुर गाउँपालिका कार्यालयले जनाएको छ । साना गह्रालाई मासेर ठूला गह्रा बनाउँदा खेती गर्न सजिलो हुने भएकोले चक्लाबन्दी कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ ।

# मुलगोठाली सिँचाइ आयोजना सम्पन्न

रासस
म्याग्दी, १६ असार

म्याग्दीको बेनी नगरपालिका-५ मा मुलगोठाली-चालीसे सिचाई आयोजना निर्माण सम्पन्न भएको छ । खानेपानी, जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय म्याग्दीले विसं २०७६ देखि शुरुआत गरेको सो आयोजना यसवर्ष निर्माण सकिएको हो । कार्यालयका ई अञ्जन खत्रीले आयोजनाबाट दुई हजार दुई सय रोपनी क्षेत्रफल जमिनमा सिचाई सुविधा पुगेको जानकारी दिनुभयो ।

“बेनी नगरपालिका वडा नम्बर ४ र ५ का सात सय घरधुरी कृषक लाभान्वित भएका छन्,” उहाँले भन्नुभयो “सिचाई सुविधासँगै खाद्यान्नबाली उत्पादन वृद्धि हुने अपेक्षा गरेका छौ ।” भिरमुनी, डाडाखेत, कुमाल्ती, फुर्केसल्ला, बगुवाखोलाका कृषकहरू लाभान्वित भएका स्थानीय अमर बानियाले बताउनुभयो । चालु आर्थिक वर्षमा रु. १९ लाखमा ठेक्का सम्झौतामा निर्माण भएको ५५० मिटर सहित एक हजार २०० मिटर नहर निर्माण भएको कार्यालयले जनाएको छ । मुलमा दुई वटा पानी संकलन गर्ने पोखरी निर्माण भएको छ । कुल रु. एक करोड ३३ लाख लागत अनुमान गरिएको योजनाका लागि विसं२०७६ मा ४४ लाख र २०७७ मा रु. १८ लाख खर्च भएको थियो । स्थानीय कृषक लेखबहादुर कटुवालले नहर निर्माण भएपछि समयमै खेतीबाली लगाउन र खडेरीमा सिंचाई गर्न पाएको बताउनुभयो ।

“नहर नहुँदा मुलबाट फेदीको खेतमा पानी ल्याउदा सोसिएर सुक्दथ्यो,” उहाँले भन्नुभयो “नहरमा मुहानबाट जति पानी पठाएको खेतमा त्यतिनै आइपुग्छ ।” सो क्षेत्रमा धान, मकै र गहुँ खेती हुन्छ । हालसम्म वर्षमा दुई वाली खेती हुने खेतमा सिचाई सुविधा भएपछि तीनबाली लगाउन सकिने कृषकहरूले बताएका छन् । पानीका कारणले हुने बिवाद न्युनीकरणमा सहयोग पुगेको छ । धान रोप्न, मकै र गहुँमा पानी लगाउन पालो पर्खनुपर्ने समस्या हटेको कृषक विशाल कटुवालले बताउनुभयो । नहर निर्माणका क्रममा स्थानीय करिब २० जनाले ७५ दिनका दरले रोजगारी समेत पाएका उहाँले बताउनुभयो ।

मुहानको पानी पोखरीमा संकलन गरेर आवश्यक परेको समयमा नहरबाट खेतमा लैजाने व्यवस्था मिलाइएको छ । दुई पोखरीमा एक लाख लिटर पानी संकलन गर्न सकिन्छ । यसअघि खडेरी परेको समयमा पानी लगाउन नपाएर मकै, गहुँ, धानको अपेक्षाकृत उत्पादन लिन सकेका थिएनन् ।

# गुर्जामा उच्च घनत्वको स्याउखेती विस्तार

रासस
म्याग्दी, १६ असार

म्याग्दीको धवलागिरि गाउँपालिका-१ गुर्जामा उच्च घनत्वको स्याउ खेती विस्तार गरिएको छ ।

गण्डकी प्रदेशको कृषि विकास निर्देशनालयले इटलीबाट ल्याएको उक्त स्याउका बिरुवा गुर्जामा रोपिएको हो । यसपाली गुर्जामा उच्च घनत्वको सात सय कलमी बिरुवा रोपिएको कृषि ज्ञान केन्द्रका कृषि प्रसार अधिकृत गोविन्द पाण्डेले जानकारी दिनुभयो । “गुर्जा जिल्लामै पहिलो पटक स्याउखेती गरिएको छ” उहाँले भन्नुभयो “हावापानी, वातावरण र अनुकूल भूगोल भएकाले गत वर्षदेखि गुर्जामा उच्च घनत्वको स्याउ खेती थालिएको हो ।” निर्देशनालयको ५० प्रतिशत अनुदान सहयोगमा ती बिरुवा लगाइएकामा गत वर्ष कृषि ज्ञान केन्द्रको ५० प्रतिशत अनुदान सहयोगमा २५६ र वडाको प्रस्तावमा गाउँपालिकाको ७५ प्रतिशत अनुदानमा ५९२ वटा बिरुवा रोपिएको थियो ।

गुर्जाको हिमाली कृषि सहकारी संस्थाले बाँझो जमिनको झाडी फाँडेर, घेराबार गरी स्याउको बगैंचा बनाएको स्थानीय अगुवा किसान गोर्खा छन्त्यालले बताउनुभयो । गुर्जाको नाइलीबाडमा २६ किसानले करिब २० रोपनी जग्गामा स्याउ खेती गरेका छन् । गुर्जाको स्याउ खेती भएको ठाउँको उचाइ समुद्री सतहदेखि दुई हजार ७०० मिटर छ । अन्यत्र यही उचाइमा खेती सफल भएकाले गुर्जामा पनि स्याउ खेती भित्र्याएको वडाध्यक्ष भक्कबहादुर छन्त्यालले बताउनुभयो ।

छिटो फल्ने, धेरै उत्पादन दिने, फल टिप्न र खेती गर्न सजिलो हुने भएकाले उच्च घनत्वको स्याउ खेतीप्रति किसानको आकर्षण बढेको छ । यसअघि लगाइएको बिरुवामा यसपाली फूल फुलेर फलसमेत लागिसकेको छ । यसअघि गुर्जामा स्थानीय जातको स्याउखेती गरिएकामा अपेक्षाकृत सफलता हासिल भएको थियो ।

“पुराना र परम्परागत रैथाने स्याउका बोटले उत्पादन तथा गुणस्तरीय स्याउ फलाउन छोडेपछि त्यसको साटो छिटो फल्ने उच्चघनत्वको स्याउका बिरुवा लगाउन थालिएको हो”, वडाध्यक्ष छन्त्यालले भन्नुभयो, “गुर्जामा उच्च घनत्वको स्याउ खेती सफल भएमा खेर गइरहेको बाँझो जमिनलाई सदुपयोग गर्न र किसानको आम्दानी बढाउन सकिने सम्भावना छ ।”

# पानी परेपछि म्याग्दीका किसान खुसी : धमाधम रोपाइँ हुँदै

- ध्रुवसागर शर्मा
म्याग्दी, १६ असार(रासस)

म्याग्दीमा यस वर्ष असार १५ पछि बल्ल धमाधम रोपाइँ सुरु भएको छ ।

विगत वर्षमा मध्य असारसम्म ५५ प्रतिशत रोपाइँ सकिने गरेकोमा यस वर्ष ढिलो गरी पानी पर्नुका साथै रासायनिक मल पनि नपाइएकाले समयमा नै रोपाइँ हुन नसकेको हो । जिल्ला कृषि ज्ञान केन्द्र म्याग्दीका अनुसार बुधबारसम्म जिल्लाभर जम्मा २५ प्रतिशत मात्रै रोपाइँ भएको छ । रोपाइँ गर्ने समयमा पानी नपर्नु, किसानले समयमै मल बीउ नपाउनु र सिँचाइ सुविधाको अभाव जस्ता कारणले धान रोपाइँमा ढिलाइ भएको हो । समयमै किसानले रोपाइँ गर्नका लागि मल नपाउनु र पर्याप्त पानी नपर्दा अहिलेसम्म जिल्लाभर २५ प्रतिशत मात्रै रोपाइँ भएको कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख किरण सिग्देलले बताउनुभयो । असार महिनाको आधा समय सकिनै लागदा पनि अहिलेसम्म रोपाइँ गर्ने मल बीउ नपाउनु र मनसुनी वर्षा हुन नसक्दा किसान चिन्तित बनेका छन् । यस वर्ष समयमै पानी नपर्दा धान रोपाइँ गर्न ढिला भएको बेनी नगरपालिका-२ बगरफाँटका कृषक टेकबहादुर कार्कीले बताउनुभयो । म्याग्दीमा कूल ३० हजार ८५६ हेक्टर खेतीयोग्य जमिन रहेकोमा त्यसमध्ये जम्मा १९ हजार ४९८ हेक्टर जमिनमा खेती हुँदै आइहेको छ । त्यसमध्ये जिल्लामा तीन हजार ८८५ हेक्टर जमिनमा धान खेती हुँदै आएकोमा गएको वर्ष १३ हजार ३६० मेट्रिक टन धान उत्पादन भएको थियो । खेती गरिएको जमिनमध्ये ६ हजार १३ हेक्टर अर्थात् ३० दशमलव ८ प्रतिशत मात्रै सिञ्चित जमिन रहेकोमा एक हजार ६८० हेक्टरमा बाह्रै महिना सिँचाइ हुन्छ भने चार हजार ३३३ हेक्टर जमिनमा मौसमी सिँचाइ हुने गरेको छ ।

युवा जनशक्ति पलायन हुनु, धान खेती हुने ठाउँ खण्डीकरण तथा जग्गा प्लटिङ गरिनु र बीउ मलका लागि भारतमा निर्भर रहनुपर्ने बाध्यताका कारण धान उत्पादनमा कमी आउन थालेको कृषि ज्ञान केन्द्र म्याग्दीका कृषि प्रसार अधिकृत गोविन्द पाण्डेले बताउनुभयो । खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याउन सकेमा र विस्तारै चैते धानको उत्पादन वृद्धि गर्नसके जिल्लामा धान उत्पादन बढाउन सकिने उहाँको भनाइ छ । यसबाट मसिना चामलको आयात घटाउन र मध्यम तथा मोटा चामलको निर्यात बढाउन सकिने कृषि प्रसार अधिकृत पाण्डेले जानकारी दिनुभयो ।

म्याग्दीमा गौरिया, जेठोबुढो, छोम्रोङ, खुमल, गुड्डुरा, दर्माली, मार्सी, आडा, भिनुवा, ताकमारे, माछापुच्छ्रे-३, लुम्ले-२ जस्ता लोकल जातका स्थानीय धान रोप्ने गरिएको छ । विकासे धान खेतीतर्फ भने किसानले चासो देखाएका छैनन् । नदी किनारका फाँटमा बढी धान खेतीलगायत वर्षे र हिउँदे बाली तथा तरकारी खेती गर्ने गरिन्छ । पछिल्लो समय जिल्लाको सीमित ठाउँमा सुख्खा धान १, २, ३ नामक जातको धान खेतीसमेत गर्ने गरिएको छ । म्याग्दीको पाखो बारीमा घैया धान रोप्ने चलन पनि छ । म्याग्दीको बगरफाँट, रत्नेचौर, ज्यामरुककोट, अर्थुङ्गे, पुलाचौर, सिङ्गा, बराङ्जा, बाबियाचौर, कुहुँ, अर्मन, दरबाङ, ताकम, घतान, पाल्लेखेत, राखुपिप्ले, भगवती, शिख, घार, भुरुङ-तातोपानी, नारच्याङ, दानालगायत क्षेत्रमा धानखेती हुँदै आएको छ । यी क्षेत्र धानखेतीका लागि पकेट क्षेत्र मानिन्छन् ।

हिमाली तथा विकट क्षेत्र गूर्जा र लुलाङमा अत्यधिक चिसोका कारण धान खेती हुँदैन । कृषिमा आधुनिकीकरण, यान्त्रीकीकरण र व्यवसायीकरण गर्न नसक्दा पर्याप्त मात्रामा धान खेती हुन सकिरहेको छैन । धानलाई मुख्यबाली मानिएको भए पनि परम्परागत खेती प्रणाली, आकाशे पानीको भर पर्नुपर्ने बाध्यता, गह्रा सुधार हुन नसक्नु र भिरालो जमिनका कारण आवश्यक उत्पादन हुन नसकेको कृषि प्राविधिक बताउँछन् । म्याग्दीको खाद्यान्नतर्फ धान, मकै, गहुँलगायत बाली रहेका छन् ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १६ मा राहुलडाँडा ठूलीखोरिया सडक निरन्तरता गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्होरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम: राहुलडाँडा ठूलीखोरिया सडक निरन्तरता**
**स्थान: पोखरा-१६, कास्की**
**आयोजना सम्झौता मिति: २०७८/१२/१३**
**योजना शुरु मिति: २०७८/१२/१५ गते**
**योजना सम्पन्न मिति: २०७९/०३/१५ गते**
**योजनाको कुल लागत : रु. ५,५५,५५१/-**
**पोखरा महानगरपालिकाबाट : रु.५,००,०००।-**
**उपभोक्ताबाट: ५५,५५१/-**
**उपभोक्ता समिति अध्यक्ष: मित्रलाल आचार्य**
**सचिव: दिपकराज आचार्य, कोषाध्यक्ष: कमला भण्डारी आचार्य**

**राहुलडाँडा ठूली खोरिया सडक निरन्तरता उपभोक्ता समिति**
**पोखरा-१६, कास्की**